**बैठक नं. ५७**

आज मिति २०७७/१/४ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो २:४५ बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | — |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | — |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | ड़िल प्रसाद नेपाली | सदस्य | — |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | — |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

[illegible]

५५

**प्रस्ताव नं.५७.१**

बुटवल उपमहानगरपालिकाको राहत वितरण सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन), २०७७ सम्बन्धमा ।

**निर्णय नं.५७.१**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ को राहत संकलन तथा वितरण व्यवस्थापन सम्बन्धी ६ को बुदा नं.(२) को देहायको खण्ड (ङ) तथा खण्ड (ठ) मासंशोधन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो।

देहाय :

| सावि‍कको व्यवस्था | संशोधित व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|
| दफा ६को उपदफा (२) खण्ड (ङ):खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेका र हाल दैनिक गुजारा चलाउन कठिनाई परि सहयोग चाहिने ५ जनासम्मको परिवारलाई १५ के.जी. चामल वा १० केजी चामल र ५ केजी आटा (प्रतिव्यक्ति ३ के.जी. पर्ने गरी) साढे एक के.जी. दाल, १ लिटर खाने तेल र १ के.जी. नुनको राहत प्याकेज टोल विकास संस्था मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाउने। | खण्ड (ङ) पछि देहाय बमोजिम व्यहोरा थप गर्ने,<br>लकडाउनको अवधि लम्विन गएकोले दोश्रो चरणमा देहाय बमोजिमका दरले राहत वितरण गर्ने । दोस्रो चरणका लागि संशोधित अनुसूची १ बमोजिमको निवेदन लिई संशोधित अनुसूची २ बमोजिमको राहत वितरण गरेको भरपाई गराई राहत वितरण गर्ने ।<br>चामल प्रतिव्यक्ति ४ केजीका दरले बढीमा प्रति परिवार २० केजी,<br>दाल प्रतिव्यक्ति आधा केजीका दरले बढीमा प्रति परिवार २ केजी,<br>खानेतेल प्रतिव्यक्ति आधा लिटरका दरले बढीमा प्रति परिवार २ लिटर,<br>नुन प्रतिपरिवार १ केजी,<br>हातधुने सावुन प्रति परिवार १ थान<br>लकडाउनको अवधि लम्विन गै थप राहत वितरण गर्नुपर्ने अवस्था आएमा नगर | संघीय सरकारबाट लकडाउन अवधि थप भएको साथै प्रथम चरणमा वितरण गरिएको राहत सामग्रीले प्रभावित परिवारलई नपुग हुने भएको । |

८२

| | | |
|---|---|---|
| | कार्यपालिकाले निर्णय गरि थप राहत वितरण गर्न सक्नेछ । | |
| दफा ६ को उपदफा (२) खण्ड (ठ) मा रहेको सहयोग प्रदान गर्ने दाताहरुको विवरण तथा राहत सहयोग पाउने टोल समेत खुल्ने गरी परिवार वा संघ संस्थाको विवरण वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउने । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ-आफ्नो वडामा सार्वजनिक गर्ने र नगरवाट सबै वडावाट राहत वितरण भएको विवरण सार्वजनिक गर्ने । | दफा ६को उपदफा (२) खण्ड (ठ) मा रहेको सहयोग प्रदान गर्ने दाताहरुको विवरण अनुसूची ३ बमोजिमको ढाचामा तयार गर्नुपर्नेछ । राहत सहयोग पाउने परिवार वा संघ संस्थाको विवरण अनुसूची ४ बमोजिमको ढाचामा वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउनु पर्नेछ । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ आफ्नो वडामा सार्वजनिक गर्ने र नगरले सबै वडावाट राहत वितरण गरेको विवरण तथा सहयोग संकलन गरेको विवरण सार्वजनिक गर्ने। दातावाट राहत सहयोग स्वरुप प्राप्त नगद वा जिन्सी बुझेको भरपाई अनुसूची ५ बमोजिम हुनेछ । | राहत सहयोगका लागि सहयोग गर्ने तथा राहत प्राप्त गर्नेहरुको विवरण एउटै ढाचामा तयार गरी एकीकृत प्रतिवेदन तयार गर्नुपर्ने भएकोले । |

**प्रस्ताव नं. ५७.२**

विपद जोखिमको हिसावले काम अघि बढाउनुपर्ने योजना छनौट गरी पठाउने सम्बन्धमा ।

**निर्णय नं.५७.२**

लकडाउनको कारण नगरभित्र सञ्चालित सबै निर्माण सुधारका काम हाल रोकिन गएका छन् । वर्षातको समय नजिकिदै गई रहेको अवस्थामा कतिपय काम नगरी छोड्दा थप विपद् निम्तन सक्ने र हालसम्म निर्माण भएको संरचना पनि क्षति हुने अवस्था हुँन सक्छ । अत आफ्नो वडा भित्रका त्यस्ता आयोजनाहरु जसको समयमा काम नगर्दा विपद् जोखिम झनै बढ्न सक्ने हुन्छ । ति आयोजनाहरु छनौट गरी सम्बन्धित टोलको समेत सिफारिस लिई कोभिड १९ को संक्रमण रोक्न आवश्यक र निर्धारित सुरक्षा प्रवन्ध मिलाउन सक्ने प्रतिवद्धता सहित वडा समितिले निर्णय

गरि पठाएमा नगरवाट सञ्चालित योजनाको हकमा नगर प्रमुखले निर्णय गरी कार्यान्वयनमा लैजाने तथा प्रदेश एवं संघीय सरकारवाट सञ्चालित योजनाको हकमा नगरवाट उक्त योजना कार्यान्वयन गर्न सिफारिस गर्ने गरी प्रकृया अघि बढाउने  निर्णय गरियो ।

**प्रस्ताव नं. ५७.३**

जीतगढी विजय उत्सव सम्बन्धमा ।

**निर्णय नं.५७.३**

वैशाख ७ गते जीतगढी विजय उत्सव दिवस भव्य रुपमा मनाउने प्रचलन रहेकोमा विश्वव्यापी
रुपमा फैलिएको कोरोना भाइरसको कारण देश लकडाउनमा रहेको हुँदा उक्त उत्सवको दिन यस
बुटवल उपमहानगरपालिकाका प्रमखुज्यू, उपप्रमुखज्यू, बुटवलस्थित नेपाली सेना प्रमुख, प्रमुख
प्रशासकीय अधिकृत र सम्बन्धित वडाका वडाध्यक्ष समेतको उपस्थितिमा संक्षिप्त कार्यक्रम गरी
मनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५७.४**

खाद्यान्नको दररेट विवरण वडामा पठाउने सम्बन्धमा ।

**निर्णय नं.५७.४**

लकडाउनका समयमा ज्यालादारी मजदुरी गरी जीवन निर्वाह गरिरहेका विपन्न परिवारहरुलाई
राहत वितरणका लागि खाद्यान्न आपूर्ति गर्ने गरी सार्वजनिक सूचना प्रकाशित गरिएकोमा
आपुर्तिकर्ताले पर्याप्त मात्रामा चासो देखाएको पाइएन । यस्तो अवस्थामा खाद्यान्नको अधिकतम
दररेट निर्धारण कायम गर्न आवश्यक देखिएकाले सो प्रयोजनका लागि नगरको आर्थिक विकास
समितिका संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक, सार्वजनिक खरिद
अनुगमन समितिका संयोजक, बुटवलमा रहेका ४ वटा निजी व्यावसायिक संगठनहरु, राष्ट्रिय
मान्यताप्राप्त दलका नगरस्तरका प्रमुख वा प्रतिनिधी तथा उपलब्ध खाद्यान्न आपुर्तिकर्ता
समेतलाई आमन्त्रण गरि छलफलवाट अधिकतम दररेट निर्धारण गर्ने । निर्धारण गरिएको दररेटको
जानाकारी सबै वडामा पठाउने । यसरी निर्धारण भएको दररेटभन्दा वढि नहुने गरि वडा
कार्यालयहरुले राहतका लागि खाद्यान्न खरिद गरि वितरण गर्ने र सो को भुक्तानीको लागि राहत
पाउनेको नामावली सहितको विवरण तथा भुक्तानी पाउनेको विवरण र पाउने रकम प्रमाणित
गरि सिफारिस साथ नगरकार्यपालिका कार्यालयमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५७.५**

राहत संकलन तथा वितरणको विवरण सम्बन्धमा ।

**निर्णय नं.५७.५**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र ज्यालामजदुरी गरी जीवन निर्वाह गरेका श्रमजिवी
मजदुरहरुलाई वुटवल उपमहानगरपालिका र विभिन्न संघसंस्था एवं दाताहरु समेतको सहयोगमा
पहिलो चरणको राहत वितरण भएको हुँदा सहयोग उपलब्ध गराउनु भएका संघसंस्था एवं
दाताहरुको नामावली र वितरण गरिएको राहतको विस्तृत विवरण तयार गरी सबै वडाहरुमा

रुजुका लागि पठाउने र वडाबाट रुजु भई प्राप्त हुने विवरण अनुरुपको विस्तृत प्रतिवेदन तयार गरि वेवसाइट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५७.६**

स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धमा ।

**निर्णय नं.५७.६**

बुटवल उपमहानगरपालिकाको मिति २०७६।०३।१३ गतेको नगरकार्यपालिकाको बैठकबाट बुटवल उपमहानगरपालिकाको ५ बर्षे " स्थानीय बिपद् तथा जलवायु उत्थानशिल योजना" पारित गरिएको तथा उक्त योजनामा स्थानीय बिपद् तथा जलवायु उत्थानशिल समितिको संरचना रहेकोमा उक्त समितिको संरचना समेत बुटवल उपमहानगरपालिकाको बिपद् जोखिम न्युनिकरण तथा ब्यबस्थापन ऐन २०७५ को दफा २ को उपदफा (२.) मा उल्लेख भए बमोजिम नै रहने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवै लाई धन्यवाद दिदै प्रमुखज्यु बाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।